**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ०३ दिसम्बर २०२५

समयः १८:५० - १९:०० बजे

**<u>मुख्य समाचार</u>**

- सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले आज फेक अथवा फर्जी समाचारलाई लोकतन्त्रको लागि खतरा भएको बताउनु भएको छ।

- पश्चिम बंगालका मुख्यमन्त्री ममता ब्यनर्जीले आज मालदामा जनसभालाई सम्बोधन गर्दै (एसआईआर)-को सन्दर्भमा केन्द्र तथा चुनाउ आयोगमाथि गम्भीर आरोप लगाउनुभएको छ।

- पश्चिम बंगालमा प्राथमिक शिक्षकहरुको नियुक्ति रद्द भएको मामलामा ठुलो फैसला सुनाउदै कलकत्ता उच्च न्यायालयको डिवीजन बेंचले आज सेवानिवृत्त जस्टिस अभिजीत गांगुलीको त्येस आदेशलाई रद्द गरिदिएको छ जसमा राज्यको प्राथमिक विद्यालयहरुमा नियुक्त 32 हजार शिक्षकहरुको नौकरी रद्द गरिदिएको थियो।

- आज अंतर्राष्ट्रीय दिव्यांगजन दिवस हो। यस अवसरमा मुख्यमन्त्री ममता बनर्जीले दिव्यांगजन व्यक्तिहरूप्रति उहाँको सरकारको प्रतिबद्धता दोहोऱ्याउनु भयो।

- आफ्ना विभिन्न मागहरूलाई लिएर कामतापुर स्टेट डिमाण्ड कउन्सिल (केएसडीसी)-का सदस्यहरूले राजगञ्ज बीडीओ कार्यालय सामु 100 घण्टाव्यापी अनशन शुरू गरेका छन्।

**<u>अश्विनी वैष्णव-फर्जी समाचार</u>**

सूचना तथा प्रसारण, सूचना प्रविधि मन्त्री अश्विनी वैष्णवले आज फेक अथवा फर्जी समाचारलाई लोकतन्त्रको लागि खतरा भएको बताउँदै एआई-उत्पन्न डिपफेक भिडियोहरू सिर्जना गर्ने र गलत जानकारी फैलाउनेहरू विरुद्ध कडा कारबाही गर्नुपर्ने बताउनु भएको छ। वैष्णवले लोकसभालाई यो पनि जानकारी दिनुभयो कि सरकारले फर्जी समाचार र एआई-उत्पन्न डिपफेक भिडियोहरूलाई नियन्त्रण गर्न र त्यसको लागि संस्थागत संयन्त्रलाई बलियो बनाउन नयाँ नियमहरू बनाउने काम गरिरहेको छ। उहाले प्रश्नोत्तरको समयमा फर्जी समाचार धैरै गम्भीर मुद्दा रहेको अनि यो लोकतन्त्रको लागि खतरा रहेको बताउनुभयो।उहाले अझ भन्नुभयो- फर्जी समाचार र एआई-उत्पन्न डिपफेक भिडियोहरू विरुद्ध कडा कारबाही गर्नुपर्ने आवश्यकता छ। मन्त्रीले फर्जी समाचार फैलाउने जनता र पारिस्थितिक प्रणालीले भारतीय कानूनहरू पालना गर्दैनन् र तिनीहरू विरुद्ध कारबाही गर्नु आवश्यक रहेको बताउनुभयो। भाजपा सदस्य निशिकांत दुबेको नेतृत्वमा रहेको सञ्चार तथा सूचना प्रविधि सम्बन्धी संसदीय स्थायी समितिले गरेको सिफारिसको प्रशंसा गर्दै उहाले भन्नुभयो कि प्यानलले धैरै राम्रा सुझावहरू दिएको छ र सरकारले नयाँ नियमहरू बनाउने दिशामा काम गरिरहेको छ। अनलाइन सट्टाबाजी गतिविधिहरूको बारेमा सोधिएको प्रश्नको जवाफ दिंदै वैष्णवले भन्नुभयो कि प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारले अनलाइन पैसा खेलहरूलाई नियन्त्रण गर्न धैरै बलियो कानून बनाएको छ। मोदी सरकार यस्ता दुराचार विरुद्ध कडा कारबाही गर्न कहिल्यै पछि हट्ने छैन भनि उहाले अझ बताउनुभयो।

**<u>मुख्यमन्त्री - जनसभा</u>**

पश्चिम बंगालका मुख्यमन्त्री ममता ब्यनर्जीले आज मालदाको गाजोलमा जनसभालाई सम्बोधन गर्दै मतदाता सूचीको विशेष गहन संशोधन (एसआईआर)-को सन्दर्भमा केन्द्र तथा चुनाउ आयोगमाथि गम्भीर आरोप लगाउनुभएको छ । उहाले राज्यवासीहरू सित सबैले एसआईआर फारम भर्ने अपील गर्नुभयो ताकि कसैको नाम मतदाता सूचीबाट नमेटियोस्। उहाले एक प्रकारले मुस्लिम समुदायलाई डर देखाउँदै डिटेन्शन क्याम्पको उल्लेख गर्नुभयो अनि कसैलाई पनि त्यहाँ जान नदिइने बताउनुभयो, जबकि एसआईआरको डिटेन्शन क्याम्पसित कुनै सम्बन्ध छैन। उहाले वक्फ कानूनलाई लिएर पनि मुस्लिम समुदायलाई भड्काउँदै बंगालमा होइन तर अन्य जग्गाहरुमा विरोध प्रदर्शन गर्ने सल्लाह दिनुभयो । सभामा ममता ब्यनर्जीले केन्द्रको भाजपा सरकारमाथि जबरजस्ती तानाशाही नीति अप्नाएको आरोप लगाउनु भयो । मुख्यमन्त्रीले एसआईआर प्रक्रियालाई लिएर चुनाउ आयोग अनि केन्द्रमाथि सोझै प्रहार गर्नुभयो। यो प्रक्रिया हतारमा शुरू गरिएको र यसको उद्देश्य मानिसहरूमा डर फैलाउनु रहेको उहाले दावी गर्नुभयो ।

**कालेबुंग एसआईआर**

कालेबुंग जिल्लामा एसआईआर-को फर्म बाँडने काम लगभग 100 % पूरा गरि सकिएको छ। भरेको फर्महरु जमा गराउने काम पनि 90% भन्दा अधिक पुरा गरीसकिएको विश्वास व्यक्त गरीएको छ। BLO हरूले निर्धारित समय भित्रमानै इन्युमरेशनको काम पूरा गरिसकेकोमा ERO हरूले सम्वर्धना पनि जनाएका छन्। कालेबुंगमा एसआईआर-को काम कतिको सन्तोष जनक भइरहेको छ त्यसबारे कालेबुंगका सुदूर गाँउ लिंगसेका एक अवकास प्राप्त शिक्षक बिष्णु पौड्याल यसो भन्छन् ..

**बाईट बिष्णु पौड्याल...**

**कोचबिहार- मतदाता प्रपत्र**

कोचबिहार जिल्लामा जम्मा 2537 बटा मतदान केंद्रहरू छन्। ताजा जानकारी अनुसार प्रायः सबै बुथहरूमा बिएलओहरू र इआरओहरूले नागरिकहरूको सहयोगमा इन्युमरेसन फारम अर्थात् मतदाता प्रपत्र भर्ने काम लगभग 99% पूरा गरि सकेका छन्। इन्युमरेसन फारम भर्ने मिति आगामी 11 दिसम्बर सम्म बढाईएकोले सय प्रतिशत काम पूरा हुने छ। कूचबिहारका एक समाजसेवी अनि नागरिक, प्राण प्रतिन पालले मतदाता सूचिलाई शुध्द गर्ने काम सूचारूरूपले संचालित भइरहेको बताउँदै आम नागरिकहरूले यसलाई राम्रो कदम मानेको बताएका छन्। उहाले भन्नुभयो ........

**बाईट प्राण प्रतिन पाल**...

**प्राथमिक शिक्षक नियुक्ति - फैसला**

पश्चिम बंगालमा प्राथमिक शिक्षकहरुको नियुक्ति रद्द भएको मामलामा ठुलो फैसला सुनाउदै कलकत्ता उच्च न्यायालयको डिवीजन बेंचले आज सेवानिवृत्त जस्टिस अभिजीत गांगुलीको त्येस आदेशलाई रद्द गरिदिएको छ जसमा राज्यको प्राथमिक विद्यालयहरुमा नियुक्त 32 हजार शिक्षकहरुको नौकरी रद्द गरिदिएको थियो ।

***जस्टिस तपोब्रत चक्रवर्ती अनि जस्टिस ऋतब्रत कुमार मित्राको डिवीजन बेंचले आज अपरान्ह फैसला सुनाउदै भनेका छन् कि नौ बर्षसम्म सेवा दिए पछि यदि यी शिक्षकहरुलाई हटाईए यसको गंभीर प्रभाव उनीहरुको परिवार माथि पर्नेछ । बर्ष 2014 मा आयोजित टीईटी को आधारमा कुल 42,500 प्राथमिक शिक्षक नियुक्त गरिएको थियो । 2023 मा जस्टिस अभिजीत गांगुलीले ती मद्धे 32 हजार नियुक्तिहरु रद्द गरिद्रुभएको थियो । भर्ती प्रक्रियामा बृहत मात्रामा अनियमितता भएको आरोप थियो अनि उहाले राज्य सरकारलाई तीन महीना भित्र नयाँ भर्ती प्रक्रिया पुरा गर्ने निर्देश दिनुभएको थियो । आगामी विधानसभा चुनाव पुर्व यस फैसलालाई तृणमूल कांग्रेसको लागि ठुलो राहत मानिंदैछ किनभने शिक्षा विभागसित सम्बन्धित भ्रष्टाचारको आरोपहरुले लामो समयदेखि पार्टीलाई घेरीरहेको छ । उच्च न्यायालयको ताजा आदेशले अहिले प्राथमिक स्तरको भर्ती विवादमा ठुलो राहत पुगेको छ ।***

**पहल 'स्वास्थ्य बंधु'**

पश्चिम बंगालका मुख्यमंत्री ममता बनर्जीले आज एक्स मा राज्य सरकारको महत्वाकांक्षी स्वास्थ्य पहल 'स्वास्थ्य बंधु' (मोबाइल मेडिकल यूनिट) योजनाको प्रगति बारे जानकारी साझा गर्नुभएको छ। यो योजना 11 नवंबर 2025 मा शुरू गरिएको अनि अहिलेसम्म यसलाई आम जनताबाट अत्यधिक सकारात्मक प्रतिक्रिया प्राप्त भैरहेको उहाले बताउनुभयो। मुख्यमंत्रीका अनुसार, यस योजना अन्तर्गत 110 मोबाइल मेडिकल यूनिटहरुलाई सेवामा लगाई सकिएको छ जबकि अझै 100 यूनिट चाडैनै यस सेवासित जोडिनेछ। यी मोबाइल यूनिटहरुले ग्रामीण अनि शहरी क्षेत्रहरुमा गएर आवश्यकतामा रहेका मानिसहरुलाई निःशुल्क स्वास्थ्य सेवा प्रदान गरिरहेको छ। योजना शुरू भएको केवल 20 दिनमानै यी शिविरहरुमा आउने मानिसहरुको संख्या एक लाख आंकड़ा पार गरिसकेको मुख्य मन्त्रीले गर्वसाथ भन्नुभयो। उहाले भन्नुभयो कि " आवश्यकतामा परेका सैकड़ों मानिसहरुले कैंपहरुमा आएर लैब टेस्ट, ईसीजी, यूएसजी जस्ता आवश्यक चिकित्सा सुविधाहरु पूर्ण रुपमा निःशुल्क प्राप्त गरिरहेका छन्। यसले विशेष रूपमा वृद्धजन अनि महिलाहरुलाई ठुलो राहत प्राप्त भएको छ।"

**ममता दिव्यांग दिवस**

आज अंतर्राष्ट्रीय दिव्यांगजन दिवस हो। यस अवसरमा, मुख्यमन्त्री ममता बनर्जीले सोशल मीडिया मार्फत एक सन्देश जारी गर्दै दिव्यांगजन व्यक्तिहरूप्रति उहाँको सरकारको प्रतिबद्धता दोहोऱ्याउनु भयो। उहाँले भन्नुभयो राज्य सरकारले जन्मदेखि लिएर जीवनसम्म दिव्यांगजनहरूलाई सशक्त बनाउन व्यापक संस्थागत व्यवस्थालाई सुदृढ गरिरहेको छ।मुख्यमन्त्रीले सरकारले नवजात शिशुहरूको स्क्रिनिङ गरेर सम्भावित विकृति र विकास संबंधी विलंबको पत्तो लगाउने व्यवस्था गरिरहेको छ, ताकि समयमै उपचार र सुधारात्मक उपायहरू लिन सकियोस्। ममता बनर्जीले दिव्यांग बालबालिका र युवाहरूलाई सम्मानजनक जीविकोपार्जन गर्न सक्षम बनाउन कौशल प्रशिक्षण प्रदान गर्दै आएको र उनीहरूले आत्मनिर्भर र सम्मानजनक जीवन बिताउन सकून् भनेर सरकारी जागिरमा आरक्षण प्रदान गर्दै आएको पनि उल्लेख गर्नुभयो।

**अन्तर्राष्ट्रिय दिव्यङगजन दिवस- चौरस्ता**

साल्भेसन आर्मी होम एण्ड स्कूलका सदस्यहरूले दार्जिलिङका लागि दिव्याङगहरूको स्कूलसँगको सहकार्यमा र जनशिक्षा विभाग, जीटीएको सहयोगमा आज चौरस्ता स्क्वायरमा अन्तर्राष्ट्रिय दिव्यङगजन दिवस मनाए। कार्यक्रममा विभिन्न विद्यालयका दिव्यङ्ग विद्यार्थीहरू, शिक्षकहरू र अन्य जीटीए अधिकारीहरूको सहभागिता रहेको थियो।

**ममता खुदिराम बोस**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले स्वतन्त्रता संग्रामका वीर क्रांतिकारी बिप्लवी खुदिराम बोसलाई उहाँको जयन्तीमा श्रद्धाञ्जली अर्पण गर्नुभएको छ। उहाँले आफ्नो सन्देशमा, भन्नुभएको छ खुदिराम बोसको साहस, देशभक्ति र आत्म-बलिदानको भावनाले आज पनि सबैलाई प्रेरित गर्दछ।
मुख्यमन्त्रीले खुदिराम बोसको स्मृतिलाई संरक्षण गर्न र उहाँको जन्मस्थल महाबनी र वरपरका क्षेत्रहरूको विकासका लागि राज्य सरकारले धेरै पहल गरेको बताउनु भयो। यसै उद्देश्यका लागि महाबनी विकास प्राधिकरण स्थापना गरिएको हो।

**केएसडीसी- अनशन**

आफ्ना विभिन्न मागहरूलाई लिएर कामतापुर स्टेट डिमाण्ड कउन्सिल (केएसडीसी)-का सदस्यहरूले राजगञ्ज बीडीओ कार्यालय सामु 100 घण्टाव्यापी अनशन शुरू गरेका छन्। यो अनशन आज केएसडीसीको पक्षबाट राजगञ्ज बीडीओ कार्यालय अगाड़ि आयोजना गरियो। उत्तर बंगालका केही भागहरूमा एकसाथ यो आन्दोलन शुरू गरिएको छ। केएसडीसी नेता मोहम्मद हसीबुलले यो 100 घण्टाव्यापी अनशन उत्तर बंगालका विभिन्न स्थानहरू सहित राजगञ्जमा पनि आोजना गरिएको जानकारी दिनुभयो छ।उनीहरूको मुख्य मांग भारतको संवैधानिक ढाँचाभित्र स्वतन्त्र कामतापुर वा ग्रेटर कुचबिहार राज्यको पुनर्गठन, असम, उत्तर बंगाल एवं बिहारमा बसोबास गर्ने कोच-राजवंशी समुदायलाई अनुसूचित जनजाति (एसटी)- को दर्जा दिनु, कामतापुरी (राजवंशी) भाषालाई संवैधानिक मान्यता दिनु आदि सामेल रहेको उहाले बताउनुभयो। यदि यी मागहरूमाथि सरकारले विचार नगरे अझ व्यापक आन्दोलन गरिने उहाले अझ बताउनुभयो।

**विश्वकर्मा समाज-शतवार्षिकी समारोह**

खरसाङ विश्वकर्मा समाजको शतवार्षिकी समारोह अन्तर्गत विभिन्न क्षेत्रमा रहेका विशिष्ट व्यक्तिहरुलाई विश्वकर्मा शताब्दी सम्मानद्वारा सम्मानित गरिने भएको छ। बर्ष 1925 मा स्थापना भएको विश्वकर्मा समाज खरसाङको शतवार्षिकी समारोह आगामी 7 दिसम्बरमा खरसाङमा आयोजना गरिने भएको छ।